नेपाल सरकार

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

**भूकम्प पीडितका लागि निजी आवास पुनर्निर्माणका निम्ति अनुदान सम्झौता तथा भुक्तानी सम्बन्धमा सम्माननीय प्रधानमन्त्रीज्यूबाट भएको निर्देशन सम्बन्धी**

**प्रेस विज्ञप्ति**

(२०७३ असोज ३ गते)

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले हालसम्म भूकम्प पीडितहरुका लागि निजी आवास पुनर्निर्माणका निम्ति गरिएको अनुदान सम्झौता तथा पहिलो किस्ताको भुक्तानी सम्बन्धी प्रगति विवरण सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष मिति २०७३/०६/०२ गते अवगत गराएको छ | यस अनुसार हालसम्म लाभग्राही संख्या ५,३३,१८२ मध्ये अनुदान सम्झौता सम्पन्न घरधुरी संख्या ४,४७,३५९ अर्थात् ८३.९ % रहेको छ | अनुदान सम्झौता सम्पन्न घरधुरी संख्या मध्ये प्रथम किस्ता भुक्तानी पाउने घरधुरी संख्या ३,७५७१५ अर्थात् ८४.० % रहेको छ | कुल लाभग्राही संख्याको आधारमा प्रथम किस्ता भुक्तानी हुने घरधुरीको संख्या ७०.५ % रहेको छ |

सम्माननीय प्रधानमन्त्रीज्यूले सरकार गठन भएको ४५ दिन भित्र सबै भूकम्प पीडितहरुलाई पहिलो किस्ता अनुदान उपलब्ध गराउन दिएको निर्देशन पश्चात हालसम्म भएको प्रगति उल्लेखनीय रहेकोले सो काम का लागि सम्बधित सबै लाई धन्यवाद दिनु भयो | वहाँले अझै ठुलो संख्यामा लाभग्राहीहरु (१६.१%) को अनुदान सम्झौता हुन नसकेको र अनुदान सम्झौता भएका मध्ये पनि १६.० % ले अनुदानको पहिलो किस्ताको भुक्तानी पाउन नसकेकोले ती बाँकी लाभग्राहीलाई यस्तो अनुदान भुक्तानी शीघ्ररुपमा हुने व्यवस्था मिलाउन सम्बन्धित सबैलाई निर्देशन दिनुभएको छ |

सम्माननीय प्रधानमन्त्रीज्यूको निर्देशनको भावना र मर्म अनुसार बाँकी अनुदान सम्झौता र  प्रथम किस्ता भुक्तानीको प्रक्रिया शिघ्ररुपमा पूरा गर्न मन्त्रालयबाट सम्बद्ध केन्द्रीय एवं स्थानीयस्तरका निकायहरुलाई निर्देशन दिईएको व्यहोरा यसै विज्ञप्ति मार्फत जानकारी गराइएको छ |

..............................

(रेश्मिराज पाण्डे)

सह-सचिव तथा प्रवक्ता